नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी अस्पताल
( खरिद शाखा)

फोन: ०१-४४१२४३० / ०१-४४१२५३०
Ext:: ०१-४४१२५३० / १२९
पो .ब. नं. २११४७
फ्याक्स: ०१-४३५१५३
महाराजगंज, काठमाण्डौ ।

पत्र संख्या: २०७७।०७८

प्रा.प्र.सं.

च.नं. ६५६५

मिति: २०७८।०३।२९ गते ।

विषय : बोलपत्र अस्वीकृत गरी खरिद कारबाही रद्द गरिएको सम्बन्धमा ।

श्री शंकर अक्सिजन ग्यास प्रा.लि.,
बालाजु, काठमाण्डौ ।

उपरोक्त विषयमा विश्वभर फैलिएको कोभिड १९ (COVID -19) को महामारीबाट हुने संक्रमणको ब्यवस्थापनको लागि यस अस्पतालमा **आई.सि.यू, भेन्टिलेटर, अक्सिजन प्लान्ट तथा तरल अक्सिजन ट्यांक लगायतका सामाग्रीहरू** छिटो छरितो प्रकृयाबाट खरिद गरी सेवा बिस्तार गर्न श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति तथा योजना शाखाको च.नं. ९२९, मिति २०७८।०२।०३ गतेको प्राप्त पत्र अनुसार श्रोत सुनिश्चितता भई आएकोले उक्त सामाग्रीहरू तत्काल छिटो छरितो प्रकृयाबाट खरिद गरी सेवा बिस्तार गर्न आवश्यक भएको हुँदा गठित समितिको प्रतिबेदन बमोजिम बिशेष परिस्थितीमा गरिने खरिद प्रकृयाद्वारा रित पुर्वक खरिद गरी कार्य सम्पादन गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम १४५ मा ब्यवस्था भए बमोजिमको खरिद प्रकृयाका लागि तालुक प्रहरी प्रधान कार्यालय, मानवश्रोत एवं प्रशासन विभाग, प्रबन्ध निर्देशनालयको च.नं. ५५५३ मिति २०७८।०२।२४ गतेको स्वीकृती पत्र अनुसार मिति २०७८।०२।३० गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. NPH/NCB/19/077/078 अनुसार बिद्युतिय बोलपत्र आह्वान गरिएकोमा मुल्यांकन समितिको प्रतिबेदन अनुसार ठेक्का नं. NPH/NCB/19/077/078/20 मा भएको Liquid Medical Oxygen Tank को लागि कुनै पनि बिद्युतिय बोलपत्र पेश नभएकोले खरिद कारबाही रद्द गरिएको हुँदा पुन: बिद्युतिय बोलपत्र मार्फत Liquid Medical Oxygen Tank विशेष परिस्थितिमा आकस्मिक रूपमा तत्काल खरिद गर्नको लागि मिति २०७८/०३/२० गते आईतवार गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. NPH/NCB/22/077/078-Re अनुसार खोलिएका बिद्युतीय बोलपत्रहरूलाई नेपाल प्रहरी अस्पतालको च.नं. ७४५३ मिति २०७८/०३/२२ गतेको पत्रद्वारा गठित मूल्याङ्कन समितिले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधिनमा रही बिभिन्न पक्षको मूल्याङ्कन गरी मिति २०७८।०३।२३ गते पेश गरेको प्रतिवेदन अनुसार Liquid Medical Oxygen Tank को लागि पेश भएको बोलपत्र मूल्याङ्कनको क्रममा असफल भई सारभूतरुपमा प्रभावग्राही नभएकोले उक्त बोलपत्र अस्वीकृत गरी खरिद कारबाही रद्द गर्नको लागि प्रतिवेदनमा सिफारिस भए अनुसार सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २६ बमोजिम उक्त ठेक्काको सम्पूर्ण बोलपत्र अस्वीकृत गरी खरिद कारबाही रद्द गरिएकोले सम्बन्धित सवैलाई जानकारीको लागि अनुरोध गरिएको छ ।

साथै, सो सम्बन्धमा चित्त नवुझेमा **मिति २०७८।०३।३१ गते कार्यालय समय भित्र** नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिन हुन सूचित गरिएको छ ।

**निम्न:**

**बोलपत्रहरु अस्वीकृत गरी खरिद कारबाही रद्द गर्ने बिबरण:**

| सि.नं. | सूचना नं. | ठेक्का नं. | विवरण | बिड भएको बोलपत्र संख्या |
|---|---|---|---|---|
| १. | NPH/NCB/22/077/078-Re | NPH/NCB/19/077/078/01 | Medical Oxygen Liquid Tank | १ थान |

**कार्यार्थ एवं बोधार्थ:**
श्री नेपाल प्रहरी अस्पताल, कम्प्यूटर शाखा :– नेपाल प्रहरी अस्पतालको वेभसाईटमा राख्नको निमित्त ।
श्री नेपाल प्रहरी अस्पताल, सूचना पाटी ।

मेडिकल डाइरेक्टर
(डा. आशा सिंह )
प्रा.प्रहरी अतिरिक्त महानिरीक्षक